hostmyniche.com



## नेपाली जडिबुटी र सारतेलको अन्तर्राष्ट्रिय व्यापार

# चुनौती र सम्भावना

विश्वमा आजभोलि विभिन्न प्रकारका प्राकृतिक वस्तुहरूमा मानिसहरूको आकर्षण बढ्दै गएको छ । त्यस्ता विभिन्न प्रकारका प्राकृतिक वस्तुहरूमा जडिबुटीजन्य खाद्यवस्तु, औषधि तथा सौन्दर्य सामग्रीहरू पनि पर्दछन् । त्यसैले यस्ता वस्तुहरूको व्यावसायिक उत्पादन र व्यापारमार्फत् रोजगारी सिर्जना गर्न तथा राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने देखिन्छ । जडिबुटीको विविधताको दृष्टिकोणले अत्यन्त धनी मुलुक भएपनि नेपालले यसबाट अपेक्षाकृत लाभ लिन सकेको छैन र यस क्षेत्रमा संलग्न समुदायको आर्थिक अवस्थामा पनि अपेक्षाकृत सुधार आउन सकेको छैन । यस सन्दर्भमा यस नीतिसारमा नेपाली जडिबुटी एवं सारतेलको व्यावसायिक उत्पादन, तिनको निर्यात व्यापारको सम्भावना र निर्यात प्रवर्द्धनका लागि चालिनुपर्ने कदमका बारे चर्चा गरिएको छ ।

### पृष्ठभूमि

नेपाल औसत ८०० कि.मी. लम्बाई र २०० कि.मी. चौडाई भएको एउटा सानो मुलुक हो । यहाँ हावापानी, माटो, भू-बनोट, रूख-बिरूवा, जीवजन्तु, चराचुरूङ्गी, आदिको अत्यन्त ठूलो विविधता रहेको छ । यही प्रचूर विविधताको कारण नेपाललाई जैविक विविधतामा धनी मुलुक मानिन्छ ।

नेपालका वन-जंगलमा विविध प्रकारका वनस्पतिहरू पाइन्छन् जसमध्ये कतिपय जडिबुटीजन्य वनस्पतिहरू रहेका छन् । त्यस्ता वनस्पतिहरू औषधि, सौन्दर्य प्रशाधन, सारतेल, आदि उत्पादन गर्न तथा अन्य विविध कार्यमा प्रयोग गर्न सकिन्छ । तर नेपालमा पाइने त्यस्ता सबै वनस्पतिको पहिचान हुन सकेको छैन र पहिचान भएका सबैको यथोचित् उपयोग पनि हुन सकेको छैन । तसर्थ नेपालमा पाइने जडिबुटीहरूको पहिचान गरी तिनको व्यावसायिक उत्पादन गर्न सके देशमा रोजगारी सिर्जना हुनुका साथै देशले थप वैदेशिक मुद्रा आर्जन गर्न सक्दछ ।

### जडिबुटी र सारतेलको अन्तर्राष्ट्रिय व्यापार र नेपाल

जडिबुटी निर्यातको सन्दर्भमा विश्वमा चीन सबैभन्दा अग्रस्थानमा रहेको छ । सन् २००९ र २०१० मा चीनले क्रमशः ४३ करोड र ५६ करोड अमेरिकी डलर बराबरको जडिबुटी निर्यात गरेको थियो । त्यसपछिका ठूला निर्यातकर्ता देशमा भारत र जर्मनी पर्दछन् । भारतको जडिबुटीको कूल निर्यात सन् २००९ र २०१० मा क्रमशः १० करोड र १३ करोड अमेरिकी डलर रहेको थियो भने जर्मनीको निर्यात क्रमशः ११ करोड र १२ करोड रहेको थियो । नेपालले भने सन् २००९ मा ९८ लाख अमेरिकी डलरबराबरको जडिबुटी निर्यात गरेर २५औं ठूलो निर्यातकर्ताको स्थान ओगटेको थियो । तर सन् २०१० मा नेपालको निर्यात घटेर केवल ६० लाख अमेरिकी डलर मात्र हुन गई नेपाल ३६औं ठूलो निर्यातकर्ताको रूपमा रहन पुग्यो ।

सारतेलको निर्यात भने विश्वमा सबैभन्दा बढी फ्रान्सले गर्ने गरेको छ । फ्रान्सले सन् २००९ र २०१० मा क्रमशः १९ करोड र २० करोड अमेरिकी डलरबराबरको सारतेल निर्यात गरेको थियो । नेपाल भने सन् २००९ मा करीब २ लाख अमेरिकी डलर बराबर मात्रको सारतेल निर्यात गरेर विश्वमा ६४औं ठूलो निर्यातकर्ता बन्न सक्यो । सन् २०१० मा नेपालबाट जडिबुटीको निर्यात घटेझैं सारतेलको पनि निर्यात घटेर १ लाख २४ हजार अमेरिकी डलरबराबर मात्र रहेको थियो ।

### नेपाली जडिबुटी र सारतेल निर्यातको सम्भावना

नेपाली जडिबुटीको अन्तर्राष्ट्रिय बजारको अध्ययन गर्दा भारत सबैभन्दा ठूलो बजार रहँदै आएको छ । पछिल्ला केही वर्षहरूमा हङकङ र सिंगापुरमा पनि उल्लेख्य मात्रामा नेपाली जडिबुटी निर्यात भएको देखिन्छ । तर यी देशहरूमा भारतमा जस्तो कम मूल्यका तर धैरै परिमाणमा जडिबुटी निर्यात नभई बढी मूल्यका तर कम परिमाणमा नेपाली जडिबुटीहरू निर्यात हुने गरेका छन् । नेपालबाट सबैभन्दा बढी जडिबुटी निर्यात हुने प्रथम दश राष्ट्रहरूको सूचीमा बंगलादेश र पाकिस्तान पनि पर्दछन् । यसले नेपाली जडिबुटी भारत बाहेक अन्य दक्षिण एसियाली राष्ट्रहरूमा पनि निर्यात गर्न सकिने प्रबल सम्भावना रहेको देखाउँछ ।

नेपाली जडिबुटी निर्यातको सबैभन्दा ठूलो सम्भावना रहेको राष्ट्र संयुक्त राज्य अमेरिका हो । त्यसपछि फ्रान्स, जर्मनी, भियतनाम, सिंगापुर र जापान क्रमशः राम्रा बजारमा पर्दछन् । यी देशहरूमा हाल भारत, चीन, मेक्सिको, मोरोक्को, इटाली, हङकङ, थाइल्याण्ड, इन्डोनेसिया, आदि देशहरूबाट धेरै मात्रामा जडिबुटीहरू निर्यात हुने गरेका छन् ।


नेपालबाट सारतेलको निर्यात चाहिँ हाल धेरैजसो भारत, बेल्जियम, जर्मनी, हंगेरी, फ्रान्स र अस्ट्रेलियामा हुने गरेको छ । विभिन्न मापदण्डका आधारमा हेर्दा नेपाली सारतेल निर्यातको सबैभन्दा बढी सम्भावना रहेको राष्ट्र सिंगापुर देखिन्छ । त्यसपछि क्रमशः स्वीट्जरल्याण्ड, भारत, फ्रान्स, जर्मनी र संयुक्त राज्य अमेरिका नेपाली सारतेलका लागि बढी आकर्षक बजार रहेका छन् ।

**नेपालका आवधिक योजनाहरूमा र विभिन्न नीतिगत दस्तावेजहरूमा जडिबुटी र सारतेलको निर्यात प्रवर्द्धनका लागि विभिन्न व्यवस्थाहरू गरिएका छन् तरपनि यी वस्तुहरूको निर्यात विस्तार अपेक्षाकृत रूपमा हुन सकेको छैन ।**

img3.etsystatic.com



sanjivaniherbalcentre.com



**विगतका केही वर्षहरूमा जडिबुटी र सारतेलको कूल निर्यात विश्वस्तरमा बढिरहेको भएपनि नेपालबाट भने यिनको निर्यात निरन्तर घटिरहेको छ ।**

## व्यावसायिक प्रवर्द्धनका लागि भएका नीतिगत प्रयास

नेपालमा जडिबुटीको संकलन, प्रशोधन तथा उपयोग स्थानीयस्तरमा गैरसंस्थागत ढंगले धेरै अगाडिदेखि हुँदै आएको हो । तर योजनाबद्ध ढंगले यस क्षेत्रको व्यवसायीकरण गर्ने सरकारी प्रयासको थालनी चाहिँ धेरै पछि भएको हो । नेपालमा सन् १९७६ मा राष्ट्रिय वन योजना तर्जुमा गरियो । जडिबुटीलाई उद्योगको रूपमा प्रवर्द्धन गर्ने पहिलो प्रयास उक्त योजनाले नै गरेको हो । योजनाले जडिबुटीको निर्यात प्रवर्द्धन गरेर वनबाट अधिकतम आर्थिक लाभ हासिल गर्ने उद्देश्य लिएको थियो । त्यसपछि सातौं पञ्चवर्षीय योजना अवधिमा वनसम्बन्धी २५ वर्षे गुरूयोजना जारी गरियो । यो गुरूयोजनालाई देशको वनसम्बन्धी नीति तथा योजनाहरूमा जडिबुटी व्यवसायको प्रवर्द्धनलाई समावेश गराउने श्रेय दिइन्छ । आठौं पञ्चवर्षीय योजनाले पनि सोही गुरूयोजनाबाट निर्देशित भएर जडिबुटीको विकास र व्यवसायीकरणसम्बन्धी विभिन्न कार्यक्रम समावेश गरेको थियो ।

त्यसैगरी नवौं पञ्चवर्षीय योजनामा जडिबुटीलगायतका वनजन्य उत्पादनको औद्योगिक विकास र निर्यात प्रवर्द्धनका कार्यलाई सघाउने उल्लेख गरिएको थियो । साथै सुगन्धित तेल निकाल्न सकिने जडिबुटीहरूको विषयमा अनुसन्धान, प्राविधिक सहयोग तथा बजार व्यवस्थापनसम्बन्धी तालिम, आदि कार्यक्रमको पनि प्रबन्ध गरिएको थियो ।

दशौं पञ्चवर्षीय योजनामा जडिबुटीको निर्यात प्रवर्द्धन गर्ने तथा राष्ट्रिय जडिबुटी विकास कार्यक्रमलाई विस्तार गर्दै लैजाने उल्लेख थियो । यसै अवधिमा वन नीति पनि जारी गरियो । उक्त नीतिले गैरकाष्ठ वनपैदावार (Non-timber Forest Products—NTFP) को पहिचान, उत्पादन, प्रशोधनमार्फत् वनमा आधारित उद्योगको विकास गर्ने उद्देश्य लिएको देखिन्छ । त्यसपछि सन् २००४ मा "जडिबुटी तथा गैरकाष्ठजन्य वन पैदावार विकास नीति" जारी गरियो । यस नीतिले जडिबुटीको खेती, पूर्वाधार विकास, कानूनी प्रक्रियाको सरलीकरण, सूचना केन्द्र तथा प्रयोगशालाको निर्माण तथा संचालन एवं अनुसन्धान र विकासको विस्तार गर्न निर्देशित गरेको छ ।

त्यस्तै, सन् २००७ मा जारी गरिएको त्रिवर्षीय अन्तरिम योजनाले जडिबुटी तथा गैरकाष्ठजन्य वन पैदावारको व्यवसायमा आदिवासी-जनजाति समुदायलाई प्रोत्साहित गर्ने नीति लिएको थियो । उक्त योजनाले जडिबुटी तथा सारतेलको तथ्याङ्क संकलन, सहकारीको माध्यमबाट प्रशोधन केन्द्रहरूको स्थापना, बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी विशेष कार्यक्रम संचालन, आदि कार्यमा जोड दिएको थियो ।

सन् २००९ मा जारी गरिएको नयाँ वाणिज्य नीति र सन् २०१० मा जारी गरिएको व्यापार समायोजन रणनीति (Nepal Trade Integration Strategy—NTIS) ले पनि जडिबुटी र सारतेलको निर्यात प्रवर्द्धनसम्बन्धी विशेष व्यवस्था गरेका छन् । वाणिज्य नीतिले जडिबुटी र सारतेलको औद्योगिक प्रवर्द्धनका लागि आवश्यक पर्ने पुँजी, प्रविधि र तालिम उपलब्ध गराउने तथा पकेट क्षेत्रको पहिचान गर्ने, र अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला स्थापना गर्ने उल्लेख गरेको छ । NTIS ले भने यस अघिका विभिन्न नीतिले प्रस्ताव गरेका विभिन्न पक्षलाई पुनः जोड दिँदै जडिबुटी तथा सारतेलको अर्गानिक प्रमाणीकरण गर्ने, सामुहिक बौद्धिक सम्पत्तिको अधिकारको माध्यमबाट यिनको संरक्षण र प्रवर्द्धन गर्नेजस्ता रणनीति उल्लेख गरेको छ । त्यस्तै, हाल कार्यान्वयनमा रहेको त्रिवर्षीय योजनामा जडिबुटी तथा सुगन्धित तेलको उत्पादन तथा व्यवस्थापन गर्न विशेष क्षेत्रको विकास गर्ने र जडिबुटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा संचालन गर्न प्रोत्साहन गर्ने उल्लेख छ ।

## चुनौती र समस्या

विभिन्न नीतिगत प्रयासका बाबजूद नेपाली जडिबुटी र सारतेलको निर्यात विस्तार अपेक्षाकृत रूपमा हुन सकेको छैन । त्यसको कारण यस क्षेत्रमा विभिन्न चुनौती र समस्याहरू विद्यमान हुनु हो, जसको संक्षिप्त चर्चा तल गरिएको छः

**जडिबुटी संकलन र खेतीः** नेपालमा हुने जडिबुटीको कूल कारोबारको करीब ९०-९५ प्रतिशत अंश वन-जंगलबाट गरिने

संकलनमा आधारित छ । बाँकी ५–१० प्रतिशत जडिबुटीको आपूर्ति व्यक्तिगत रूपमा गरिएको खेतीबाट हुने गरेको छ । अझै पनि जडिबुटीको व्यावसायिक खेती व्यापक रूपमा हुन सकेको छैन । त्यसैले अन्तर्राष्ट्रिय बजारमा जडिबुटीको माग धेरै हुँदा नेपालबाट आपूर्ति गर्न सकिने अवस्था छैन । ठूलो परिमाणमा र नियमित रूपमा आपूर्ति गर्ने क्षमता नहुँदा जडिबुटी निर्यात गर्ने अन्य राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्न नेपाललाई कठिन छ ।

जडिबुटीको खेती गरेर आय आर्जन गर्न खाद्यबालीको तुलनामा बढी समय लाग्दछ । त्यसैले किसानहरू परम्परागत खाद्यजन्य बालीको खेती छोडेर जडिबुटीको खेती गर्न प्रोत्साहित हुन सकेका छैनन् । साथै, यसको खेती गर्न र व्यवसाय गर्नका लागि पालन गर्नुपर्ने कानूनी प्रक्रिया पनि जटिल रहेकाले किसानहरू यस क्षेत्रमा व्यावसायिक रूपमा प्रवेश गर्न सकिरहेका छैनन् ।

**प्रशोधन र निर्यातः** नेपाली जडिबुटीको व्यवसायले उद्योगको रूप धारण गरिसकेको छैन । माथि उल्लेख गरिएझैं नेपालमा जडिबुटी उत्पादनको परिमाण ज्यादै सानो छ । अत्याधुनिक प्रविधिमा तत्काल लगानी गर्नसक्ने गरी यसको विकास भएको छैन । फेरि नेपाली जडिबुटीजन्य वस्तुको प्रमुख बजार रहेको भारतमा कच्चा जडिबुटीको नै माग बढी भएकोले प्रशोधित वस्तु उत्पादनका लागि लगानी प्रोत्साहित हुनसकेको छैन ।

हुनत धेरैजसो देशमा नेपाली जडिबुटीको आयातमा भन्सार महसूल लाग्दैन । तर अन्य विभिन्न प्रकारका शुल्क र दस्तुरहरू भने लाग्ने गरेको छ । उदाहरणका लागि नेपालमा उत्पादित सारतेल भारतमा निर्यात गर्दा १६ प्रतिशत अतिरिक्त शुल्क लाग्ने गर्दछ ।

नेपालले जडिबुटी र सारतेल निर्यात गर्दा विभिन्न प्रकारका गैरभन्सार अवरोधहरूको सामना गर्नुपर्दछ । त्यस्ता विभिन्न प्रकारका गैरभन्सार अवरोधहरूमध्ये उत्पत्तिको प्रमाणपत्र; क्वारेन्टाइन परीक्षण; मानव, पशु तथा वनस्पतिको स्वास्थ्यसम्बन्धी सम्झौता (Agreement on Sanitary and Phytosanitary Measures–SPS) को मापदण्डको पालना; असल उत्पादन अभ्यास (Good Manufacturing Practices–GMP) पालना गरिएको प्रमाणपत्रको अनिवार्यता, आदिसँग सम्बन्धित अवरोधहरू मुख्य छन् ।

भारतमा बोटबिरूवा र तिनका अंशको आयातलाई व्यवस्थित गर्न बिरूवा क्वारेन्टाइनसम्बन्धी आदेश २००३ जारी गरिएको छ जसअनुसार आदेशको अनुसूची ७ मा सूचीकृत जडिबुटीको हकमा मात्र जडिबुटी निर्यात गर्ने देशले जारी गरेको *फाइटोसेनिटरी*सम्बन्धी प्रमाणपत्र भारतले स्वीकार गर्दछ । तर उक्त अनुसूचीमा सूचीकृत नभएका जडिबुटीको हकमा भने *फाइटोसेनिटरी*सम्बन्धी प्रमाणपत्र स्वीकार गर्ने वा नगर्ने तजबिजी प्रायः जसो भन्सार अधिकारीहरूको हुने गरेको छ ।

हाल नेपालबाट भारत निर्यात हुने अधिकांश जडिबुटीहरू उक्त अनुसूचीमा सूचीकृत नभएकाले समय समयमा समस्या उत्पन्न हुने गरेको छ । त्यसैगरी चीन निर्यात गरिने जडिबुटीको परीक्षणका लागि चीनको संघाईस्थित क्वारेन्टाइन विभागमा पठाउनुपर्ने हुन्छ जसले गर्दा निर्यात खर्च बढ्नुका साथै समय पनि धेरै लाग्दछ । युरोपेली मुलुकहरू जडिबुटी र सारतेलले SPS र GMP को पालना गरे–नगरेको भनेर ज्यादै सम्वेदनशील हुँदै गएका छन् । तर नेपाल तिनको पालना गर्नका लागि भौतिक तथा मानव संशाधनका दृष्टिले सक्षम भैसकेको छैन ।

**पारवहन अवरोधः** नेपाली जडिबुटी र सारतेल निर्यात गर्दा निर्यातकर्ताले मुख्यतः दुई प्रकारका पारवहन अवरोधको सामना गर्नुपरेका उदाहरणहरू छन् । पहिलो, नेपालभित्र नै एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउँदा धेरै झंझट र खर्च व्यहोर्नुपर्ने हुन्छ । जस्तै, नेपालको पश्चिममा रहेको कुनै ठाँउबाट नेपालको पूर्वी नाकासम्म पुऱ्याउँदा करीब ३६ ठाउँमा छाप लगाउनुपर्ने र त्यत्तिकै ठाउँमा नियममा नभएका दस्तुरहरू बुझाउनुपर्ने हुन्छ । दोस्रो,

2.bp.blogspot.com



**नेपालको जडिबुटी र सारतेलको क्षेत्रमा विद्यमान समस्याहरूको समाधान कुनै एक थरी सरोकारवालाले मात्र गर्न सम्भव छैन । यसमा सरकार, निजी क्षेत्र, दातृ निकाय, आदि सबै सरोकारवालाको भूमिका आवश्यक छ ।**

नेपालबाट निर्यात गरिने जडिबुटी भारतको उत्तर प्रदेश र उत्तराञ्चल राज्य हुँदै कुनै अर्को राज्यमा लैजानुपर्दा निश्चित कोटाभन्दा बढी लैजान दिइँदैन र त्यस्तो कोटा प्राप्त गर्न ३ महिनासम्म कुर्नुपर्ने हुन सक्दछ ।

**गुणस्तरः** आजभोलि उपभोक्ताहरूमा गुणस्तरप्रतिको चेतना व्यापकरूपमा बढेको छ । तसर्थ जडिबुटी वा जडिबुटीजन्य वस्तु आयात गर्दा ती वस्तु मानव, पशु तथा वनस्पतिको स्वास्थ्यको प्रतिकूल भए-नभएको र वस्तुको उत्पादन, प्रशोधन, परीक्षण, प्याकेजिङ, लेबलिङ, आदि तोकिएको मापदण्डअनुरूप भए-नभएको भन्ने विषय महत्वपूर्ण हुने गरेको छ ।

नेपालमा वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गतको वनस्पति विभागले नेपाली जडिबुटी र सारतेलको गुणस्तर मापन गरी गुणस्तरको प्रमाणपत्र प्रदान गर्दछ । तर सरोकारवालाहरूका अनुसार विभागको प्रयोगशाला र जनशक्तिको क्षमता समयानुकूल छैनन् । त्यसैले आयातकर्ता देशले नेपालको गुणस्तर प्रमाणपत्रलाई सँधै स्वीकार गर्ने अवस्था छैन । अझ नेपालमा अर्गानिकता प्रमाणीकरण गर्ने कार्य झंझटिलो र खर्चिलो छ । साथै कतिपय व्यवसायीहरूले मिसावट गर्ने र निर्यात गर्दा कमसल किसिमका भाँडामा प्याकिङ गरी निर्यात गर्नेजस्ता कार्यले समेत नेपाली जडिबुटी र सारतेलको गुणस्तरमा प्रश्नचिन्ह खडा गरिदिएको छ र तिनको निर्यातमा असर पुऱ्याएको छ ।

**वातावरणीय प्रभाव मूल्यांकनः** नेपालको विद्यमान कानूनमा वातावरणीय प्रभाव मूल्यांकनको सम्बन्धमा निम्न प्रावधान रहेको छः ५ देखि ५० मेट्रिक टन गैरकाष्ठ वन पैदावार संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गराउनुपर्दछ तर ५० मेट्रिक टनभन्दा बढी संकलन गर्न भने वातावरणीय प्रभाव मुल्यांकन नै गराउनुपर्दछ । यी दुवै कार्य गर्ने/गराउने प्रक्रिया लामो र झंझटिलो छ । साथै कसैले यी कार्य गर्ने अनुमति पाएकै आधारमा उसले जडिबुटी संकलनको लागि पनि स्वीकृति पाइहाल्छ भन्न सकिँदैन । अर्कोतिर संकलन गर्ने अनुमति एउटालाई मात्र दिँदा अनुमति प्राप्त व्यवसायीले एकाधिकार कायम गर्न सक्ने अवस्था रहन सक्दछ ।

**तालिका** नेपाली जडिबुटी र सारतेल क्षेत्रका केही समस्या, समाधानका उपाय र सरोकारवालाको दायित्व

| समस्या | समाधान | दायित्व |
|---|---|---|
| मुख्यतः संकलनमा आधारित जडिबुटी व्यवसाय; जडिबुटीको नगन्य खेती; र संलग्न समुदायलाई यसको आधुनिक खेतीसम्बन्धी ज्ञानको अभाव । | जडिबुटी खेतीलाई प्रोत्साहन र सरोकारवाला समुदायलाई जडिबुटीको खेतीसम्बन्धी तालिम । | सरकार, प्रशोधन कम्पनी तथा दातृ निकाय |
| अपर्याप्त प्रशोधन केन्द्र/कारखाना । | प्रशोधन केन्द्र/कारखानाको स्थापना । | निजी क्षेत्र |
| | प्रशोधन केन्द्र/कारखाना स्थापना गर्न प्रोत्साहनको व्यवस्था । | सरकार |
| सरोकारवालालाई जडिबुटीको बजारसम्बन्धी ज्ञानको अभाव । | बजारसम्बन्धी अनुसन्धान, तालिम र जागरण कार्यक्रम । | सरकार, दातृ निकाय तथा गैरसरकारी संस्थाहरू |
| सरोकारवालाहरूमा प्राविधिक ज्ञानको अभाव । | सरोकारवालाहरूलाई संकलन, खेती र प्रशोधनसम्बन्धी प्राविधिक ज्ञानको उपलब्धता । | सरकार र निजी क्षेत्र |
| SPS तथा GMP को कार्यान्वयन । | सुविधासम्पन्न प्रयोगशालाको निर्माण, मानव स्रोतको विकास र सरोकारवालाको लागि तालिम र जागरण कार्यक्रम । | सरकार र निजी क्षेत्र |
| भारतको बिरूवाको क्वारेन्टाइनसम्बन्धी आदेश २००३ को अनुसूची ७ मा उल्लेखितबाहेकका जडिबुटी निर्यात गर्दा भन्सारनाकामा अनावश्यक प्रशासनिक झन्झट । | नेपालबाट निर्यात हुने अन्य जडिबुटीलाई अनुसूची ७ मा समावेश गराउन, परीक्षण कार्यलाई सरलीकरण गर्न र पारदर्शिता अपनाउन भारतसँग कुटनीतिक वार्ता । | सरकार |
| चीनको क्वारेन्टाइन प्रयोगशाला सिमानाबाट धेरै टाढा । | परीक्षण कार्यको सरलीकरणका लागि चीनसँग वार्ता । | सरकार |
| नेपालभित्र अन्तरदेशीय पारवहनमा अनावश्यक रकम तिर्नुपर्ने र छाप लगाउनुपर्नेजस्ता झन्झट । | कानूनमा भएका जटिलताको सरलीकरण र कानूनको कडाईका साथ पालना । | सरकार र स्थानीय निकाय |
| भारतका केही राज्यले आफ्नो बाटो प्रयोग गरी अर्को राज्यमा निर्यात हुने जडिबुटीमा निश्चित कोटा तोक्ने गरेको । | कोटा खारेजीको लागि भारतको केन्द्रिय सरकार र सम्बन्धित राज्य सरकारसँग कुटनीतिक वार्ता । | सरकार |
| वातावरणीय प्रभाव मूल्यांकन पद्धतिसँग सम्बन्धित जटिलता । | सरल र पारदर्शी पद्धतिको निर्माण । | सरकार |
| बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताले ल्याएको अवसर र चुनौतीको विषयमा अन्यौल । | सरोकारवालालाई यस विषयमा तालिम र जागरण कार्यक्रम । | सरकार, गैरसरकारी संस्था र निजी क्षेत्र |



www.herbalbiosolutions.us

उल्लेखित समस्याहरूका अतिरिक्त नेपाली जडिबुटीको क्षेत्रमा अन्य धेरै चुनौतीहरू छन् । जस्तै, मानव संशाधनको अभाव, उचित भण्डारण गर्ने व्यवस्थाको अभाव, आदि । त्यस्तै, समयानुकूल प्रविधिको विकास र उपयोगसम्बन्धी अनुसन्धान हुन सकेको छैन, र देशभित्र पाइने सबै प्रकारका जडिबुटीको अन्तर्राष्ट्रिय बजारको विषयमा अध्ययन-अनुसन्धान पनि भएको छैन । साथै, बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताले ल्याएका अवसर र चुनौतीबारे पनि चाहिएजति छलफल हुनसकेको छैन । त्यसैले नेपाली जडिबुटी र सारतेलको व्यवसायीकरण र निर्यातबाट नेपालले प्रशस्त लाभ लिन सक्ने सम्भावना देखिएको भए पनि हालसम्म त्यसो हुन सकेको छैन ।

## निष्कर्ष र सुझाव

नेपाली जडिबुटी तथा सारतेलको व्यवसायीकरण र निर्यात विस्तार गर्न सके नेपालमा रहेका विभिन्न समुदायका लागि यो जीविकाको महत्वपूर्ण आधार बन्नुका साथै यसले राष्ट्रको आर्थिक विकासमा समेत टेवा पुऱ्याउन सक्दछ । त्यसैले यस क्षेत्रमा रहेका समस्याहरूको समाधान गर्नु जरूरी छ । ती समस्याहरूको समाधान कुनै एक थरी सरोकारवालाले मात्र गर्न सम्भव छैन । यसमा सरकार, निजी क्षेत्र, दातृ निकाय, आदि सबै सरोकारवालाको भूमिका आवश्यक छ । यस क्षेत्रमा रहेका केही समस्याहरू, तिनको समाधानको उपाय र सरोकारवालाहरूको दायित्वको सारसंक्षेप तालिका (पाना ५) मा उल्लेख गरिएको छ । ■

## थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade,
Economics and Environment–SAWTEE)
पो.ब.नं. १९३६६, टुकुचा मार्ग, काठमाडौँ
फोनः ४४२४३६०, ४४४४४३८, फ्याक्सः ४४४४५७०
ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) GmbH
Supporting the Implementation of Nepal's WTO Commitments
and the Enhanced Integrated Framework (WTO/EIF–SP) Project
नारायणी कम्प्लेक्स, चौथो तल्ला, पोष्ट बक्स १४५७, पुल्चोक, ललितपुर
फोनः ५५५५२८९, फ्याक्सः ५५२१७१२
ईमेलः giz-nepal@giz.de, वेबः www.giz.de/nepal

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरु पनि संचालन गर्दै आएको छ ।

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) जर्मन संघीय मन्त्रालयको आर्थिक समन्वय र विकासका लागि काम गरिरहेको संघीय निकाय हो । यस संस्थाले जर्मन सरकारलाई दिगो विकासका लागि अन्तर्राष्ट्रिय सहयोगको क्षेत्रमा आफ्नो लक्ष्य प्राप्त गर्न सहयोग गर्दछ । GIZ द्वारा संचालित WTO/EIF–SP परियोजनाको मुख्य उद्देश्य नेपाललाई विश्व व्यापार संगठनको सदस्यता तथा व्यापारका लागि सुदृढ एकीकृत संरचना (Enhanced Integrated Framework–EIF) बाट लाभ प्राप्त गर्न सहयोग पुऱ्याउनु हो । यसका लागि GIZ ले वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्य साझेदार संस्थाहरूसँग मिलेर काम गरिरहेको छ ।

यो नीतिसार जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) को WTO/EIF–SP परियोजनाअन्तर्गत सावतीद्वारा संचालित कार्यक्रमका लागि सावतीका अनुसन्धान निर्देशक र कार्यक्रम संयोजक क्रमशः पुष्प शर्मा र निरज श्रेष्ठद्वारा गरिएको अध्ययन *Promoting Exports of Medicinal and Aromatic Plants (MAPS) and Essential Oils from Nepal* का आधारमा सावतीका कार्यक्रम अधिकृत प्रकाश घिमिरेद्वारा तयार पारिएको हो । यसमा प्रकाशित विचार तथा मान्यता लेखकहरूकै हुन्, सावती र GIZ का नहुन पनि सक्छन् ।
कपिराइटः सावती, २०६९, सज्जाः विपेन्द्र घिमिरे (इफेक्ट), मुद्रकः सिटी अफसेट प्रेस, ललितपुर, फोनः ५५४०५३२ ।